का.जि.प्र.का.द.नं. १००/०५१/५०
१३ फागुन २०७८,
शुक्रबार
25 February 2022,
Friday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २० । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

## एमसीसी सकस

# संकटपूर्ण छटपटी

विवाद, विरोध र अवरोधका बीच संसदमा पेश भएको एमसीसीकै कारण मुलुकको राजनीतिक कोर्स संकटतिर धकेलिएको छ । बिहीबार दिनभरको गतिविधिले पनि वर्तमान सत्ता गठबन्धन संकटमा परेको प्रष्ट हुन्छ ।




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १२ वैशाख ।

एमसीसीविरुद्ध नयाँ बानेश्वरको सडक बिहीबार दिनभर तनावपूर्ण रह्यो । सत्ता साझेदार दल नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा) को उपेन्द्र यादव समूह र राष्ट्रिय जनमोर्चाकै अगुवाइमा सडक प्रदर्शन भयो । यी सत्ता साझेदार दलहरुलाई राप्रपा, नेकपा, माओवादी क्रान्तिकारी लगायत साना दलहरुले समेत समर्थन जनाएका छन् ।

एमसीसी अनुमोदन गराउन नहुने पक्षमा लगातार सडक प्रदर्शन भइरहेको छ । संसदमा गएको आइतबार एमसीसी पेश भएपछि प्रदर्शन चर्किएको छ । एमसीसी अनुमोदन गराउन अमेरिकी दबाव बढेको छ । यसको काउण्टरमा चीनले लगातार बक्तव्य जारी गरिरहेको छ भने चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का नेताहरुले नेपालका प्रमुख राजनीतिक दलका प्रमुखहरुसँग भिडियो सम्वाद बढाएका छन् ।

सडकमा एमसीसीविरोधी प्रदर्शन, संसदमा सांसदहरुको आपत्ति र विदेशी दबावको असर भने नेपालको राष्ट्रिय राजनीतिमा देखिएको छ । एमसीसी अनुमोदनका निम्ति प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा सक्रिय भएका छन् भने सत्ता साझेदार माओवादी केन्द्र, एकीकृत समाजवादी बिफल बनाउन लागि परेका छन् ।

अनुमोदनको पक्ष र विपक्षमा भएको प्रयत्नकै कारण बिहीबार प्रतिनिधिसभा बैठक बस्न सकेन । आइतबार संसदमा पेश भएको एमसीसीमाथि छलफल गराउने

– बाँकी पृष्ठ २ मा

## प्रधानमन्त्रीको जोड

# जसरी पनि अनुमोदन

**कान्ति न्यौपाने, मध्यान्ह**
काठमाडौं, १२ फागुन ।

अमेरिकी सहयोग परियोजना एमसीसी अनुमोदन नहुने देखेपछि प्रधानमन्त्री शेरबहादुर देउवाकै निर्णयमा बिहीबारको प्रतिनिधिसभा बैठक स्थगित गरियो । बिहीबार एमसीसीमाथि छलफल हुने कार्यसूची अघिल्लो दिन नै तय गरिएको थियो । तर कार्य व्यवस्था परामर्श समितिको बैठकपछि प्रतिनिधिसभा बैठक स्थगित गरियो ।

सरकारको नेतृत्व गरेको दल नेपाली काँग्रेसले त सांसदहरुलाई अनिवार्य उपस्थितिका निम्ति ह्वीप नै जारी गरेको थियो । तर सत्ता संसदमा बहुमत नदेखिएपछि प्रधानमन्त्री देउवाले प्रतिनिधिसभा बैठक स्थगित गरे ।

> सत्ता गठबन्धनका दलहरूबाट साथ नपाए पनि प्रधानमन्त्री शेरबहादुर देउवा जसरी पनि एमसीसी अनुमोदन गराउने पक्षमा देखिएका छन् । बिहीबारको प्रतिनिधिसभा बैठक स्थगित गरेर प्रधानमन्त्री देउवाले एमसीसी अनुमोदनको पक्षमा समीकरण बनाउन सक्रिय बनेका हुन् ।

सत्ता साझेदार दल मध्ये काँग्रेस र जसपा (डा.बाबुराम भट्टराई समूह) मात्रै एमसीसीको पक्षमा देखिए । यसपछि भने केही समय लिएरै भएपनि एमसीसी अनुमोदन गराउने पक्षमा प्रधानमन्त्री देउवा लागेका छन् । प्रधानमन्त्री देउवाले बैठक स्थगित गरेर प्रमुख प्रतिपक्षी दल नेकपा एमालेदेखि सत्ता साझेदार नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादी मनाउन लागेको राजनीतिक विश्लेषक डा. विष्णु पाठक बताउँछन् ।

"सामान्यतया समझदारी बढ्छ कि एमालेलाई सहमति लान सकिन्छ कि वा सत्तासाझेदार दलबीचमै सहकार्य गर्नका लागि प्रधानमन्त्री देउवाले बैठक स्थगित गरेका हुन्" विश्लेषक पाठक भन्छन् । जुन दललाई मनाएर भएपनि एमसीसी पारित गराउने रणनीति अघि बढ्न खोजेको विश्लेषक पाठकको भनाई छ ।

बैठक स्थगित गरेपछि प्रधानमन्त्री देउवाले प्रमुख प्रतिपक्षी दल नेकपा एमालका अध्यक्ष केपी ओली, सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की, कांग्रेस महामन्त्री ईश्वर पोखरेल र एमाले संसदीय दलका उपनेता सुवास नेम्वाङ सहितको भेटवार्ता राखे । भेटका क्रममा एमसीसी पास गर्ने सहयोगका लागि देउवाले अपील गरेका थिए ।

एमालेले एमसीसी पास गराउन सभामुख अग्निप्रसाद सापकोटा हटाउनुपर्ने, तत्काल सरकारमा सहकार्य नगरे पनि आगामी जेठ १५ गते (बजेट लगत्तै) पछि चुनावी सरकारमा भने सहभागिता जनाउने, चार प्रदेश सरकारको नेतृत्व गर्नुपर्ने लगायत माग राखेका छन् । सो मागमा प्रधानमन्त्री देउवा पनि सकारात्मक देखिएका छन् ।

तर, एमाले जनमत हेरेर निर्णय गर्न सक्ने देखिएको हुँदा एमसीसी पारित नहुने सम्भावना देखिएको अर्का विश्लेषक विष्णु दाहाल बताउँछन् । 'एमसीसी पास गराउन सत्ता साझेदार देखि प्रतिपक्षी समेत सकारात्मक नदेखिदाँ सदन भङ्ग गरेर निर्बाचन घोषणा हुने सम्भावना बढेको छ,' विश्लेषक दाहाल भन्छन् । उनले गठबन्धन टुट्ने सम्भावना देखिएको पनि बताएका छन् ।

तर, एमसीसी सदनमा पारित भएपनि अदालतमा मुद्दा पर्ने सम्भावना भने उत्तिकै देखिन्छ । सदनबाट पारित भएको एमसीसी फेरि अदालतको निर्णयमा गएर रोकिनसक्ने कतिपयको बुझाई छ ।

सत्ता साझेदार दलका एकीकृत समाजवादी पार्टीका सम्मानित नेता झलनाथ खनालले आवश्यकता बमोजिम सडक

– बाँकी पृष्ठ २ मा

# प्रचण्ड मूभ

सत्ताबाट केपी शर्मा ओलीलाई हटाउन सडकदेखि सदनसम्म लगातार संघर्ष गरेका पुष्पकमल दाहाल प्रचण्डको मूभ फेरिन पुगेको छ । बिहीबार ओलीसँग प्रचण्डले माओवादी केन्द्रका नेताहरुसहित भेटवार्ता गरेका थिए ।


संसद भवन बानेश्वरमा एमाले नेताहरुसँग वार्तामा प्रचण्डसहित माओवादी केन्द्रका नेताहरु । तस्वीर सौजन्य: केपी ओलीको सचिवालय

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १२ फागुन ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालले बिहीबार प्रमुख विपक्ष दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग भेटवार्ता गरेका छन् । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन पछि प्रचण्डले ओलीलाई भेटेका थिएनन् । तर केही समय अगाडि एक अन्तर्वार्तामा प्रचण्डले ओलीलाई भेट्न बालकोट नै पुग्न सक्ने बताएका थिए ।

नभन्दै प्रचण्डले बिहीबार ओलीसँग एक्लाएक्लै भेटे । नयाँ बानेश्वरस्थित संसद भवनमा प्रचण्ड र ओलीबीच भेटवार्ता भयो । लगत्तै माओवादी केन्द्रका नेताहरू नारायणकाजी श्रेष्ठ, देव गरुङ र शक्ति बस्नेत सहित ओलीसँग सम्वाद गरे । ओलीसँग एमाले नेताहरु ईश्वर पोखरेल, सुवास नेम्वाङ र विष्णुप्रसाद पौडेल सहभागी थिए । भेटवार्तामा एमसीसी परियोजनादेखि सत्ता गठबन्धनबारे समेत छलफल भएको एक नेताले बताए ।

प्रचण्डले एमसीसी बिफल

– बाँकी पृष्ठ २ मा

# आकांक्षी धेरै भएपछि संघ कार्यसमिति गठनमा रस्साकस्सी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ फागुन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको तदर्थ समिति गठनका लागि नवनियुक्त संयोजक विमल प्रसाद ढकालले प्रमुख दल निकट व्यवसायी संस्थाहरुसँग छलफल जारी राखेका छन् । संघको तदर्थ कार्यसमितिमा केही पूर्वअध्यक्ष र पाँच प्रमुख राजनीतिक दल निकट व्यवसायीको संस्थागत प्रतिनिधित्व गराउने योजनाअनुसार छलफल भएको भएपनि आकांक्षी धेरै देखिएका कारण बिहीबार कार्यसमिति गठन हुन सकेन ।

आकांक्षीहरू धेरै भएको र उनीहरूलाई मिलाउनु पर्ने भएपछि आगामी आइतबारसम्ममा तदर्थ समितिले पूर्णता पाउन सक्ने बताइएको छ । ९ सदस्यीय कार्यसमितिमा संयोजक जिल्ला प्रशासन कार्यालयले तोकिसकको छ भने केही स्वतन्त्र हैसियतका पूर्वअध्यक्षहरूलाई समेट्दा राजनीतिक दल निकट पाँच संगठनले बढीमा दुई नभए एक पदमा चित्त बुझाउनु पर्ने बाध्यता देखिएको छ ।

संघको यसअघिको साधारणसभा स्थगित हुनुअघि २१ सदस्यीय कार्यसमितिमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले अध्यक्ष, दई पदाधिकारी र पाँच सदस्य, प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले प्रथम उपाध्यक्षसहित तीन सदस्य, वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्चले द्वितीय उपाध्यक्ष र दुई सदस्य, एकीकृत वैदेशिक रोजगार व्यवसायी संगठनले महासचिव र तीन सदस्य तथा समाजवादी वैदेशिक रोजगार व्यवसायी संघले तृतीय उपाध्यक्ष र एक सदस्य पाउने सहमति भएको थियो ।

केही व्यवसायीले विगतको सहमतिका आधारमा जानुपर्ने आधार देखाएको र केही व्यवसायीहरूले त्यसैलाई अडानका रूपमा राखेपछि पद विभाजनको विषय संयोजक ढकालका लागि पेचिलो बनेको बताइएको छ । संयोजक ढकालले यसअघिको संघको निर्वाचनमा प्राप्त मतलाई आधार बनाएर कार्यसमिति गठन गर्दा बढी सन्तुलित हुने उपाय सुझाएका छन् । तर एक आपसमा विभाजित मञ्च नेपाल र एकीकृत संगठनले कार्यसमितिमा बराबर प्रतिनिधि रहनुपर्ने अडान राखेपछि आफू बाहेक ८ जनामात्र तदर्थ कार्यसमितिमा राख्न पाउने बाध्यतामा रहेका ढकाल चेपुवामा परेका छन् ।

कार्यसमितिमा कसरी मिलाउनु हुन्छ ? भन्ने मध्यान्हको प्रश्नमा संयोजक ढकालले भने, 'म सबैको सद्भाव र समर्थनमा संयोजक बनेकाले कसैलाई विभेद र पक्षपात नहोस् भन्ने मान्यतामा छु । राजनीतिक दल निकट व्यवसायीका संस्थामा आवद्ध पूर्वअध्यक्षहरू संस्थागत सिफारिसमा आउनु

– बाँकी पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## युक्रेनमा रहेका सबै नेपाली सुरक्षित

काठमाडौं/मस- युक्रेनमा पछिल्लो विकसित घटाक्रमका कारणले त्यहाँ रहेका नेपालीको सुरक्षाप्रति गैरआवासीय नेपाली संघ (एनआरएनए)ले चिन्ता व्यक्त गरेको छ । एनआरएनएले बिहीबार एक प्रेस विज्ञप्ति प्रकाशित गरी युक्रेनमा लामो समयदेखि स्थायी बसोबास गर्दै आएका ३८ नेपाली राष्ट्रिय समन्वय परिषद् युक्रेनको सम्पर्कमा रहेको र पछिल्लो विकसित घटनाक्रमबीच पनि उनीहरु सबै सकुशल रहेको जनाइएको छ ।

विज्ञप्तिमा ३८ जनाबाहेक पनि युक्रेनमा ४४ विद्यार्थी र ट्रान्जिटमा २०० भन्दा बढी नेपाली रहेको जानकारी प्राप्त भएकाले त्यहाँस्थित सबै नेपालीलाई आफ्नो अवस्थाबारे राष्ट्रिय समन्वय परिषद् युक्रेनमा जानकारी गराउनसमेत अनुरोध गरिएको छ । साथै युक्रेनमा रहेका सबै नेपालीलाई आफू सुरक्षित रहन र त्यहाँको घटनाक्रम मूल्यांकन गरी आवश्यक परे स्वदेश फर्कनसमेत एनआरएनएले आग्रह गरेको छ ।

एनआरएनएले युक्रेनमा सम्पर्कका लागि राष्ट्रिय समन्वय परिषद् युक्रेनका अध्यक्ष हरि मल्ल सम्पर्क नम्बर + ३८०९३४३४७७०० तथा नेपालस्थित संघको सचिवालयमा सम्पर्क गर्न पनि आग्रह गरेको छ ।

VACANCY ANNOUCEMENT

A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-

P.R.O : 2 Male/Female
Manager : 2 Male/Female
Receptionist : 2 Female
Admin Officer : 2 Male/Female
Salary: Negotiable
International Marketing officer : 2 M/F
Salary: Rs.1,00,000 to Rs.1,50,000 per month

Mechi International Overseas Pvt. Ltd.
Sinamangal, Kathmandu,Tel: 01- 4487000 Mob.: 9801060000,
Email: mechioverseas1313@gmail.com,Web: www.mechioverseas.com.np

Vacancy

यस मेनपावर कम्पनीका लागि निम्न कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

International Marketing- 10 (Male/Female)
Requirements: Bechelor Passed Experience in related field.
Email: ceo@destinyhr.com.np
मलेशिया, कुवेत, साउदी र कतारको काम गर्न सक्ने हुनुपर्दछ । Salary : Negotiable

DHR Gov. lic. No. 789/065/66
Destiny Human Resource Nepal Pvt. Ltd.
G.P.O. Box: 8975 EPC 5444,
Tinkune, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Mobile:9851164801

# उपत्यकाको फोहर बाह्र दिनपछि उठ्न थाल्यो



**काठमाडौं/मस-**काठमाडौं उपत्यकाको फोहर व्यवस्थापन गर्न थालिएको छ । बुधबार स्थानीय र सरोकारवालाबीचका छलफलमा तत्काल सडक निर्माणको काम सम्पन्न गर्ने सहमति भएपछि आज बिहानदेखि उपत्यकको १८ स्थानीय तहका फोहर विसर्जन हुन थालिएको हो ।

तोकिएका समयमा सडक निर्माणको काम सम्पन्न नगरेको जनाउँदै स्थानीयको अवरोधका कारण यही फागुन १ गतेदेखि फोहर उठ्न सकेको थिएन । हाल फोहर विसर्जन गरिएको स्थान नुवाकोटको सिसडोलसम्म पुग्ने छ किलोमिटर बाटो मर्मतको काम समयमा नै सम्पन्न नगरेको जनाउँदै पासाङल्हामु राजमार्गका स्थानीयले गरेको अवरोधका कारण ती स्थानीय तहको फोहर उठ्न नसकेको हो ।

बाह्र दिनपछि फोहरको व्यवस्थापन आज बिहानदेखि हुन थाले पनि यसअघि काठमाडौं उपत्यकाको सडकमा जम्मा भएको सबै फोहर व्यवस्थापन गर्न भने कम्तीमा पाँच दिन लाग्ने कामपाको भनाइ छ ।

ती स्थानीय तहको फोहर विसर्जन गर्नका लागि दीर्घ समाधान हुन नसक्दा पटकपटक समस्या उत्पन्न भएको कामपा वातावरण विभागको प्रमुख सरिता राईको भनाइ छ । उनका अनुसार २०७० सालदेखि शुरु गरेको बाटो अहिलेसम्म बन्न नसक्दा त्यहाँ पटकपटक स्थानीयले आन्दोलन गर्दा फोहर विसर्जनमा अवरोध हुने गरेको छ । 'यस्तो विषयमा केन्द्र सरकार संवेदनशील हुनुपर्छ', उनले भने, 'त्यसका लागि बाटो छिटो निर्माण सम्पन्न गर्न सम्बन्धित निकायले पहल गर्नुपर्छ ।'

संघीय सरकारको भए पनि उपत्यकाको फोहर पटकपटक रोकिँदा गाली कामपाको खाने गरेको छ । हाल बञ्चरेडाँडामा दीर्घकालीन फोहर व्यवस्थापनस्थल निर्माण कार्य भइरहेको र निर्धारित समस्यमा काम सम्पन्न नहुँदा समस्या भएको पनि कामपाको भनाइ छ ।

कामपाले नियमितरुपमा उपत्यकाको फोहर विसर्जन गर्ने हो भने केन्द्र सरकारले छिटोभन्दा छिटो दीर्घ समाधान खोज्न आवश्यक रहेको भन्दै अन्यथा आगामी बर्खाका समयमा झन ठूलो समस्या आउने जनाएको छ ।

काठमाडौं उपत्यकाको फोहर नुवाकोटस्थित सिसडोलमा व्यवस्थापन हुँदै आएको छ उक्त स्थान पनि भरिएपछि फोहर व्यवस्थापनमा थप समस्या हुन थालेको हो । हाल फोहर व्यवस्थापन भइरहेको स्थानभन्दा दुई किलोमिटर पर बञ्चरेडाँडामा निर्माणाधीन दीर्घकालीन फोहर व्यवस्थापनस्थल निर्माणको काम निर्धारित समयमा सम्पन्न हुन नसक्दा पनि समस्या आएको कामपाको भनाइ छ ।

# 'वैज्ञानिक शिक्षाका लागि सिटिइभिटीको भूमिका महत्वपूर्ण'

**भक्तपुर/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले वैज्ञानिक, व्यावसायिक र व्यवहारिक शिक्षाका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)को महत्वपूर्ण भूमिका रहेको बताएका छन् ।

सिटिइभिटीको ३४औं वार्षिकोत्सवको अवसरमा बिहीबार यहाँ आयोजित कार्यक्रममा बोल्दै मन्त्री पौडेलले भने, 'नयाँ विषयको खोजी, नयाँ संरचना विकास र स्थानीय तहमा साझेदारी पहुँच विस्तार गरी सिटिइभिटीको क्षेत्र र गरिमालाई बढाउनु आवश्यक छ ।' शैक्षिक बेरोजगारी राज्यको ठूलो समस्या भएकाले गुणस्तरीय प्राविधिक शिक्षाले यो समस्या समाधानमा सहयोग पुऱ्याउने मन्त्री पौडेलले अपेक्षा गरे ।

कार्यक्रममा शिक्षा सचिव यादव कोइरालाले गुणस्तरीय र रोजगारमूलक शिक्षा प्रदान गरी देशलाई आवश्यक मानव स्रोत उत्पादनमा सिटिइभिटीको उल्लेख्य भूमिका रहेको बताउँदै सिटिइभिटीका कर्मचारीले नयाँ अवधारणासहित काम गर्न निर्देशन दिए । 'सिटिइभिटीले आफ्नो विशेष पहिचान कायम राख्न निजी शिक्षालयसँग प्रतिस्पर्धी हुनैपर्छ' उनले जोड दिए ।

शिक्षा मन्त्रालय सिटिइभिटीको समग्र उन्नयनका लागि सदैव हातोमालो गर्न तयार रहेको र नयाँ ऐनले यी कुरा सुनिश्चित गर्ने बताए ।

सिटिइभिटीका सदस्यसचिव जीवनारायण काफ्लेले परिषद्ले 'सीपयुक्त जनता, समृद्ध नेपाल' दूरदृष्टि राखी आफ्ना गतिविधि सञ्चालन गर्दै आएको जानकारी दिए । 'गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा एवं तालिममा सबै नागरिकको समावेशी एवं समतामूलक पहुँच पुऱ्याउन परिषद् क्रियाशील छ' उनले भने ।

काफ्लेका अनुसार विद्यार्थी भर्ना क्षमताका हिसाबले वार्षिकरूपमा परिषद्को प्रि-डिप्लोमा अन्तर्गत २८ हजार ५५५ जना डिप्लोमा तथा प्रमाणपत्र तहमा ४६ हजार २२७ गरी लामो अवधिका शैक्षिक कार्यक्रममा ७४ हजार ७८२ जना र छोटो अविधका सीपमूलक तालिम कार्यक्रममा एक लाखभन्दा बढीको संख्यामा विविध प्रकारका शैक्षिक कार्यक्रम तथा तालिम सञ्चालन हुने गर्छन् । राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ ले प्रमाणपत्र तह नर्सिङ कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाको आफ्नै सय श्ययाको अस्पताल हुनैपर्ने प्रावधानका कारण करिब ७७ वटा नर्सिङ कार्यक्रममा यसै शैक्षिक सत्रदेखि नयाँ विद्यार्थी भर्ना रोकिएका र तीन हजार विद्यार्थी नर्सिङ शिक्षा पढ्नबाट बञ्चित भएको सिटिइभिटीले जनाएको छ ।

कार्यक्रमस्थलमा बनेपा बहुप्राविधिक शिक्षालय, शंखरापुर बहुप्राविधिक शिक्षालय, रामेछाप बहुप्राविधिक शिक्षालय, बालाजु स्कूल अफ इञ्जीनियरिङ एण्ड टेक्नोलोजिका विद्यार्थी तथा शिक्षकहरूले आफूले उत्पादन गरेका सामग्रीहरूको प्रदर्शन गरेका थिए । कार्यक्रममा मन्त्री पौडेलले सिटिइभिटीद्वारा प्रकाशित अनुसन्धानमूलक लेखको जर्नल विमोचन गर्नुका साथै उत्कृष्ट कर्मचारीलाई पुरस्कार प्रदान गरे ।

# आँखा अस्पताललाई उपकरण सहयोग

**सुर्खेत/रासस–** नेपाल नेत्र ज्योति सङ्घले नेपाल रेडक्रस सोसाइटी, सुर्खेत सामुदायिक आँखा अस्पताललाई करिब रु एक करोड मूल्यका विभिन्न उपकरणहरू प्रदान गरेको छ ।

Nepal Netra Jyoti Sangh
National Society for comprehensive Eye Care

सङ्घले अस्पतालको सेवा विस्तारका लागि सिबिएम जर्मनी र अष्ट्रेलियाको आर्थिक सहयोगमा आँखा उपचारसम्बन्धी उपकरणहरू प्रदान गरेको हो ।

अस्पताल व्यवस्थापनका अनुसार नेत्र ज्योति सङ्घले प्याकेमेट्री, ए-स्क्यान, चश्मा बनाउने अटो एजिङ मेसिन, प्रयोगशाला उपकरण, न्यूनदृष्टि उपकरण, जलविन्दुको उपचारका लागि हम्प्री मेसिन, अटोरेप्रेक्टोमिटर उपकरण हस्तान्तरण गर्नुका साथै अस्पताल परिसरमा बाल खेलमैदान, अपाङ्गतामैत्री संरचना निर्माण गरेको हो ।

सङ्घका कर्णाली प्रदेश प्रमुख मानबहादुर कुँवरले सुर्खेत आँखा अस्पतालको सेवा स्तरोन्नतिका लागि यसअघि विभिन्न गतिविधिमा सहकार्य भइरहेको बताए । 'आँखा शिविर सञ्चालनमा सङ्घले प्राविधिक सहयोग गर्दै आएको छ, गत वर्ष कोरोना महामारीका कारण शिविर सञ्चालन नहुँदा मोतियाविन्दुको समस्या बढेको पाइयो,' उनले भने, 'सङ्घले आगामी दिनमा शिविर सञ्चालनमा सहयोग गर्नेछ ।'

अस्पतालका व्यस्थापक घनबहादुर थापाले कर्णालीवासीलाई आँखाको सामान्य उपचारका लागि नेपालगञ्ज, काठमाडौंका साथै भारतीय सहर जानुपर्ने बाध्यता हटेको भन्दै सेवा स्तरोन्नतिमा सबै सरोकारवाला निकायको सहयोगको खाँचो औंल्याए । सुर्खेत सामुदायिक आँखा अस्पताल विशेषज्ञ सेवा दिने कर्णाली प्रदेशको एकमात्र आँखा अस्पताल हो ।

## एमसीसी...

कार्यसूची तयार भएर पनि प्रधानमन्त्री देउवाले संसद बैठक स्थगित गरे । संसद बैठक बस्नुअघि माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाको बैठक बसेको थियो । तीन दलको बैठकपछि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रधानमन्त्री शेरबहादुर देउवासँग बालुवाटारमा भेटवार्ता गरे । तर निकास निस्किएन ।

संसद बैठक स्थगित भएपछि पनि विभिन्न पक्षबीच सम्वाद भएको छ । संसद बैठक स्थगित भएपछि प्रधानमन्त्री देउवा काँग्रेस नेताहरु ज्ञानेन्द्रबहादुर कार्की र गगन थापा सहित एमाले नेताहरुसँग सम्वादमा बसे । काँग्रेस नेताहरुसँग एमाले अध्यक्ष केपी शर्मा ओलीले ईश्वर पोखरेल, सुवास नेम्वाङ र विष्णुप्रसाद पौडेललाई राखेका थिए ।

प्रधानमन्त्री देउवाले एमालेसँग एमसीसी अनुमोदनसँगै सत्ता साझेदारीको प्रस्ताव राखेका थिए । तर ओलीले आफ्नो पूर्ववत माग पूरा हुनुपर्ने सर्त राखे । सभामुख फेर्नेदेखि एकीकृत समाजवादीको दलीय अस्तित्व कायम नगराउनेसम्म ओलीको एजेण्डा छ । एमालेको मागमाथि छलफल गर्न सकारात्मक भएको देउवाले सन्देश दिए । लगत्तै एमाले र माओवादी केन्द्रका नेताहरुबीच भेटवार्ता भयो । नारायणकाजी श्रेष्ठ, देव गुरुङ र शक्ति बस्नेत सहित प्रचण्ड एमाले नेताहरुसँग सम्वादमा बसेका थिए । ओलीसँग ईश्वर पोखरेल, सुवास नेम्वाङ र विष्णु पौडेल थिए । एमालेसँग प्रचण्डले एमसीसी बिफल बनाएर सत्ता साझेदारीकै प्रस्ताव गरेका थिए । तर ओलीले भने एमसीसी राष्ट्रघाती नभएकाले आफैले उठाएको एजेण्डा भएको जवाफ दिएका थिए । माओवादीसँगको सम्वाद सकेर ओली बालुवाटार पुगे ।

## प्रधानमन्त्रीको ...

आन्दोलन थप चर्किने बताएका छन् । 'सडक आवश्यकता बमोजिम तात्छ, तात्छ मात्र होइन बल्छ', संसद बैठक स्थगित भएपछि सञ्चारकर्मीहरुसँग खनालले भने । एमसीसीमा मिल्ने सम्भावना नरहेको उनले बताए । एकथरी महाशक्तिको पछाडि लागेको र अर्को पक्ष देशको स्वतन्त्रताको पक्षमा रहेको भन्दै उनले यी दुइटा कहिल्यै मिल्दा पनि मिल्दैनन्, मिल्ने वाला पनि छैनन् ।'

एमसीसीलाई लिएर सत्ता गठबन्धनमा सहमति नजुटेपछि प्रधानमन्त्री देउवाले एमालेको साथ लिन खोजेका छन् । ओली सहित छलफलमा एमसीसी पास गराउनेगरि सहमति भएको स्रोतको बताउँछ । एमालेले एमसीसी पास गराउनको लागि सभामुख अग्निप्रसाद सापकोटालाई हटाउनुपर्ने शर्त राख्दै आएको छ ।

## प्रचण्ड...

बनाउने प्रस्ताव ओलीसँग राखेका थिए । त्यसका लागि सत्ता गठबन्धनमै पनि नयाँ निर्णय लिन सकिने प्रचण्डको प्रस्ताव थियो । तर ओलीले भने एमसीसी राष्ट्रघाती नभएको तर्क गरेका थिए । राष्ट्रघाती नभएकै कारण आफूले अगाडि बढाएको ओलीको जवाफ थियो ।

ओली एमसीसी अनुमोदनको पक्षमा छन् । त्यसका लागि ओलीले सत्ता गठबन्धन तोडिनुपर्ने प्रस्ताव राख्दै आएका छन् । नेपाली काँग्रेसका सभापति एवम् प्रधानमन्त्री देउवासँग पनि ओलीले सत्ता गठबन्धन तोड्नुपर्ने सर्त राख्दै आएका छन् । प्रधानमन्त्री देउवा पनि एमसीसी अनुमोदनकै पक्षमा छन् । त्यसका लागि लगातार सत्ता गठबन्धन र विपक्षी एमालेसँग सम्वादमा छन् । गएको ६ फागुनमा प्रधानमन्त्री देउवा बालकोट पुगेर ओलीसँग प्रस्ताव गरे । बुधबार एमाले नेताहरु बालकोट नै पुगे ।

एमसीसी जसरी पनि अनुमोदन गराउनेगरी प्रधानमन्त्री देउवा अगाडि बढेकाले दोहोरो सम्वाद गरिरहेका छन् । बिहीबार पनि काँग्रेस नेताहरुसहित देउवाले एमाले शीर्ष नेतृत्वसँग सम्वाद गरे । सत्ता गठबन्धनबाट अनुमोदन नभए विपक्षी एमालेसँग सहकार्य गर्ने प्रधानमन्त्री देउवाको जोडपछि प्रचण्ड संकटमा देखिएका छन् । त्यसैको प्रमाण हो- एमालेसँगको सम्वाद ।

जबकी एमसीसीप्रति असहमत हुँदै तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नै विभाजित हुन पुगेको थियो । ओलीलाई सत्ताबाट हटाउन प्रचण्डले गएको वर्ष सडक देखि सदनसम्म संघर्ष गरेका थिए । अन्ततः गएको २९ असारमा ओली पदमुक्त हुँदै देउवा प्रधानमन्त्री बने । तर तिनै प्रधानमन्त्री देउवाबाट समेत प्रचण्डमा अप्ठ्यारोमा परेपछि फेरि ओलीसँग सम्वाद गर्ने अवस्थामा प्रचण्ड देखिएका छन् ।

## आकांक्षी...

भयो भने सजिलो हुने देखेको छु । आइतबारसम्म सबैलाई मिलाएर कार्यसमिति गठन हुनेछ ।'

संघको गत निर्वाचनमा एसोसिएसनको एउटा प्यानल र अन्य संस्थाहरूको अर्को प्यानल बनेको थियो । निर्वाचनको मत गणनामा अध्यक्षमा तत्कालीन अध्यक्ष विष्णुप्रसाद गैरले ३३० मत ल्याउँदा प्रतिस्पर्धी सरोजकुमार पोखरेलले ४७ मत कम २८३ मत ल्याएका थिए । महासचिवमा सुजितकुमार श्रेष्ठले ३८४ मत ल्याउँदा रामचन्द्र गिरी (आर.सी)ले २२३ मत पाएका थिए ।

कतिपय व्यवसायीले संघको विगतको परिणाम पद विभाजन एउटा बलियो आधार भएपनि हाल सन्दर्भ परिवेशमा व्यापक परिवर्तन आएकोले त्यसलाई मात्र प्रमुख आधार बनाउन नहुने धारणा राखेका छन् । त्यस्तो मत राख्नेमा प्रगतिशील मञ्चमा आवद्ध व्यवसायी बढी देखिएका छन् ।

**कृष्णा मेटल क्राफ्ट प्रा.लि.**
**कम्पनीको दर्ता खारेजी सम्बन्धी लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०२१ बमोजिम कम्पनी रजिष्ट्रार कार्यालय त्रिपुरेश्वरमा मिति २०४८/०७/१८ मा दर्ता भएको प्रा.लि. नं. ४८४०/०४८/०४९ को कृष्णा **मेटल क्राफ्ट प्रा.लि.**को संचालकहरुको मिति २०७८/११/१२ मा बसेको बिशेष साधारण सभाले स्वेच्छिक रुपमा कम्पनी खारेजी (लिक्वडेशन) गर्ने बिशेष प्रस्ताव पारित गरेको हुँदा यस कम्पनीसंग कोही कसैको कुनै बाँकी वक्यौता वा लेनदेन आदि बाँकी भएमा वा खारेज नगर्नु पर्ने अन्य कुनै कारण भएमा तथ्ययुक्त आधार र सवुद प्रमाण सहित यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफै वा प्रतिनिधि मार्फत हकदाबी गर्न निम्न लिखित लिक्वडेटरको संग सम्पर्क राख्न हुन सुचित गरिन्छ ।

**लिक्विडेटरः सरोज दाहाल**
**दामासाही ब्यवसायी** **इजाजत नं. ३५३**
**प्रतीक ल फर्म,** **ठेगानाः भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. ९, वोडे**
**मोबाइल नं. : ९८५१२११००२**

**कटहरिया नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**कटहरिया, रौतहट**
**मधेश प्रदेश, नेपाल**

**करारमा पदपूर्ती गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७८/११/१३**

नेपाल सरकारद्धारा सञ्चालित श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत यस कटहरिया नगरपालिकाको रोजगार सेवा केन्द्रको लागि आवश्यक रोजगार संयोजक, प्राविधिक सहायक र रोजगार सहायक पद करारमा पदपूर्ति गर्नु पर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ ।

| क्र.स. | बिज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/२०७८/०८९ | रोजगार संयोजक | छैठौं | १ |
| २. | २/२०७८/०८९ | प्राविधिक सहायक | पाचौ | १ |
| ३. | ३/२०७८/०८९ | रोजगार सहायक | पाचौ | १ |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव :**

**क. रोजगार संयोजकको लागिः**

⇒ व्यवस्थापन वा सम्बन्धित विषयमा स्नातक तह उतिर्ण गरी आयोजना व्यवस्थापन सम्बन्धी विषयमा ५ (पाँच) वर्षको कार्य अनुभव भएको ।
⇒ नेपाल सरकार तथा विश्व बैंकको निति, प्रक्रियाहरु तथा कार्यविधिसग परिचित एवम् विश्व बैंक अन्य विकास साझेदारी को आर्थिक सहयोगमा सञ्चालित आयोजनामा खरिद, प्रशासन तथा आयोजना व्यवस्थापनमा अनुभव वा तालिम प्राप्त गरेका उम्मेदवारलाई विशेष ग्राह्ययता दिइने छ ।
⇒ **उमेरः** कम्तीमा २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
⇒ **रोजगार संयोजकमा देहाय सीपहरु हुनु पर्नेछः**
√ आयोजनका उदेश्य र परिणाम प्राप्तिका लागी टोलीको सदस्यको रुपमा काम गर्न सक्ने सक्षमता भएको,
√ प्राविधिक प्रयोग तथा नयाँ सीप सिक्न सक्ने,
√ लिखित र मौखिक रुपमा सञ्चार तथा प्रस्तुती गर्ने उत्कृष्ट क्षमता रहेको,
√ स्पष्ट रुपमा विचार र खोजी व्यक्त गर्न सक्ने,
√ उत्कृष्ट संगठनिक र व्यवस्थापन क्षमता भएको ।

**ख. प्राविधिक सहायकको लागिः**

⇒ सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा उतिर्ण भएको,
⇒ **उमेरः** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
⇒ **अनुभव र सीप : प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ ।**
√ कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
√ पूर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको ।

**ग. रोजगार सहायकको लागिः**

⇒ रोजगार सहायक पदको लागि प्रविणता प्रमाण पत्र तह वा सो सरहको शैक्षिक योग्यता भएको हुनु पर्नेछ,
⇒ **उमेरः** कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
⇒ **रोजगार सहायकमा देहायका न्यनूतम सिप आवश्यक पर्नेछनः**
√ माइक्रोसफ्ट अफिस सहितको कम्प्युटर प्रयोग गर्न सक्ने,
√ विभिन्न आवधिक प्रतिवेदन तयार गर्न सक्ने,
√ लेखा तथा वितिय व्यवस्थापनको ज्ञान भएको,
√ आयोजनाको लक्ष्य र परिणाम हाँसिल गर्न टिममा काम गर्न सक्ने,
√ प्रविधिक प्रयोग तथा नयाँ सीप सिक्न सक्ने,
√ समाजिक परिचालन तथा सोसम्बन्धी क्रियाकलाप सञ्चालनको अनुभव भएकालाई ग्राह्ययता ।

**२. दरखास्त दिने स्थानः** नगरपालिकाको कार्यालय, कटहरिया, रौतहट
**३. दरखास्त दिने अन्तिम मितिः** २०७८/११/२७
**४. सम्पर्क मितिः** २०७८/११/२९
**५. आवेदनको दस्तुरः**
√ रोजगार संयोजकको लागि रु. १०००।-
√ प्राविधिक सहायकको लागि रु. ५००।-
√ रोजगार सहायक लागि रु. ५००।-
**६. सेवा सुविधाः** नेपाल सरकारले तोकेबमोजिम ।
**७. छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा, अन्तर्वाता ।
**८. दरखास्त फाराम साथ अनिवार्य रुपमा पेस गर्नुपर्ने कागजातहरु**
√ नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी
√ सम्बन्धित तहको शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रहरुको प्रतिलिपी
√ सम्बन्धित तहको अनुभव खुल्ने कागजात
√ दुई प्रति पासपोर्ट आकारको फोटो

**दरखास्त फाराम साथ संलग्ग कागजातहरु उम्मेदवार स्वंयले प्रमाणित गरेको हुनुपर्नेछ ।**
(नोट : दरखास्त फारमको हकमा लोकसेवा आयोगले निर्धारण गरेको ढाँचा बमोजिम । )

**प्रमुख प्रशासकीय अधिकृत**

# मतदाताको स्वास्थ्यलाई ध्यान दिई मतदानको व्यवस्था मिलाइने

**काठमाडौं/मस-** निर्वाचन आयोगले कोभिड-१९ महामारीको जोखिमलाई मध्यनजर गर्दै आसन्न स्थानीय तह निर्वाचनमा स्वास्थ्य मापदण्डको पालना गरी मतदानको व्यवस्था मिलाउने भएको छ। बिहीबार आयोजित नियमित पत्रकार सम्मेलनमा आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले मतदाताको स्वास्थ्यलाई ध्यान दिँदै उपयुक्त व्यवस्था गरिने तयारी भइरहेको बताए।



मतदानस्थलमा भीडभाड कम गर्ने, मतदाताबीच भौतिक दूरी कायम गर्ने, स्यानिटाइजरको व्यवस्था गर्ने र मतदानस्थलमा प्रवेश गर्नेको ज्वरो नाप्नेलगायत व्यवस्था गर्ने तयारी गरिएको उनले जानकारी दिए। आयोगमा आसन्न स्थानीय तह निर्वाचनका लागि १९ दल दर्ता भएका छन्। दल दर्ताका लागि सूचना प्रकाशन भएपछि निर्वाचनमा भाग लिनका लागि दर्ता हुन निवेदन दिने दलको संख्या २९ पुगेको उनले जानकारी दिए।

आयोगमा बहुजन एकता पार्टी, वैज्ञानिक समाजवादी पार्टी, नेपाल सद्भावना पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी), तामाङसालिङ लोकतान्त्रिक पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल समावेशी पार्टी र राष्ट्रिय जनमोर्चा दर्ता भएको सहायक प्रवक्ता अर्यालले जानकारी दिए।

राष्ट्रिय विकास पार्टी, नागरिक उन्मुक्ति पार्टी, खुम्बुवान राष्ट्रिय मोर्चा, नेपाल परिवार दल, नेपाल विवेकशील पार्टी, नेपाल संसदीय समाजवादी पार्टी, सचेत नेपाली पार्टी, सामाजिक लोकतान्त्रिक पार्टी नेपाल, समाजवादी केन्द्र नेपाल र पिछडावर्ग निषाद दलित जनजाति पार्टी दर्ता भएको छ।

निर्वाचनमा खटिने जनशक्तिको बीमा गर्नुपर्ने कानूनी व्यवस्थाअनुसार आयोगले निर्वाचनमा खटिने एक लाख १० हजार ७१३ अनुमानित जनशक्तिको प्रतिव्यक्ति रु २० लाखको बीमा गर्न बीमा कम्पनीसँग प्रस्ताव माग गरिएको आयोगले जनाएको छ। स्थानीय तह निर्वाचनका लागि मतदान कार्यमा संलग्न हुनेका लागि कोभिड-१९ को महामारीलाई रोकथाम गर्ने स्वास्थ्य सामग्री (मास्क र स्यानिटाइजर) र प्राथमिक उपचारका स्वास्थ्य सामग्री खरिद गर्न बोलपत्रको आह्वान गरिएको आयोगको भनाइ छ।

# प्रदेश १ मा आवश्यक कानून निर्माणको प्रक्रिया शुरु

**विराटनगर/मस-**प्रदेश नं १ मा आगामी फागुन १५ गते संसद्को हिउँदे अधिवेशनको नियमित बैठक आह्वानभएसँगै प्रदेश सरकारले आवश्यक कानून निर्माणको प्रक्रिया शुरु गर्न थालेको छ।

प्रदेश सरकारको गतिविधिलाई प्रभावकारी बनाउन आन्तरिक मामिला तथा कानुन मन्त्रालयले कानुन निर्माणलाई तीव्रता दिएको हो।

यसै अधिवेशनमा प्रदेश सञ्चार माध्यमलाई व्यवस्थापन गर्न बनेको विधेयक, २०७८ ल्याइने भएको छ।

उक्त विधेयकका सन्दर्भमा मन्त्रालयमा प्रारम्भिक छलफल भएको छ।

यातायात व्यवस्था तथा सञ्चार मन्त्रालय र उक्त मन्त्रालयले प्रदेशका पत्रकार तथा बुद्धिजीवीसँग विधेयकका विषयमा छलफल गरेको थियो।नेपालको संविधानले प्रत्याभूत गरेको विचार र अभिव्यक्तिको स्वतन्त्रता र सञ्चार एवं सूचनाको हक संरक्षणका लागि विधेयक दर्ता गर्न लागिएको हो।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन चन्द्रनिगाहपुर
रौतहट

**बोलपत्र स्वीकृत गर्ने आशयको सुचना**

**सुचना प्रकाशन मिति :- २०७८-११-१३**

यस डिभिजनको मिति २०७८/१०/०९ गतेको रास्ट्रिय दैनिकमा प्रकाशित सुचना नं IFB-०५-२०७८/७९ अनुसार E–Bid मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये तपशिल बमोजिमका निर्माण व्यवसायीहरुको बोलपत्र न्युनतम मुल्यांकित सारभूतरुपमा प्रभावाग्राही देखी सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२) र ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | स्वीकृतका लागि छनौट भएका बोलपत्रदाताहरुको नाम र ठेगाना | कवोल अंक (मु.अ.क.र PS समेत) |
|---|---|---|---|
| १ | RDCNP/33701176–078/79–32 | श्री गिता निर्माण सेवा, फतुवा हर्षाहा-४, रौतहट | रु.३८३९०११.१५ |
| २ | RDCNP/337310113–078/79–33 | श्री बाबा बिश्वकर्मा निर्माण सेवा, हर्दिया-२, रौतहट | रु.४८१७९३५.८ |
| ३ | PRDCNP/33791129–4–078/79–02 | श्री बाबा गनिनाथ निर्माण सेवा, धरहरी-९, रौतहट | रु.७३४८८४२.०० |
| ४ | PRDCNP/33791129–4–078/79–03 | श्री गिता निर्माण सेवा, फतुवा हर्षाहा-४, रौतहट | रु.४७२३५००.०० |
| ५ | PRDCNP/33791129–4–078/79–04 | श्री शिवशक्ति निर्माण सेवा, गंगापिपरा-३, रौतहट | रु.५०१५७३६.६९ |

डिभिजन प्रमुख

# बैतडीमा राहदानी सेवा तीन महिनादेखि बन्द

**बैतडी/मस-** बैतडीमा साढे तीन महिनादेखि राहदानी सेवा बन्द हुँदा सेवाग्राहीहरु समस्यामा परेका छन्। विद्युतीय राहदानी जारी गर्ने कार्यका लागि जिल्ला प्रशासन कार्यालय बैतडीले गत मङ्सिर २ गतेदेखि एमआरपी पासपोर्ट वितरण गर्ने कार्य बन्द गरेको थियो।



लामो समयसम्म पनि विद्युतीय राहदानी जारी गर्ने प्रणाली जडान नहुँदा विदेश जाने तयारीमा रहेका जिल्लाका नागरिकहरु समस्यामा परेका छन्। अत्यन्त जरुरी भई कारण र प्रमाणसहित आएका सेवाग्राहीबाहेक अन्य राहदानीको द्रुत सिफारिस र साधारण राहदानी फारम सङ्कलन गर्ने कार्य मङ्सिरदेखि बन्द रहेको जिल्ला प्रशासन कार्यालय बैतडीका सूचना अधिकारी खगेन्द्र भारतीले जानकारी दिए। उनले भने, 'विद्युतीय राहदानी जारी गर्ने भनेर एमआरपी बन्द गरिएको हो, तर हालसम्म पनि विद्युतीय राहदानी वितरण सुरु हुन सकेको छैन।'

सरकारले प्रत्येक जिल्ला प्रशासन कार्यालयबाट विद्युतीय राहदानी वितरण गर्ने रणनीति लिए पनि उक्त प्रणाली जडानका लागि प्राविधिक टोली नआउँदा ढिलाइ भएको सूचना अधिकारी भारतीको भनाइ छ। अहिले सुदुरपश्चिमका कैलाली र कञ्चनपुर जिल्लामा मात्रै विद्युतीय राहदानी वितरण भइरहेको छ।

# १० लाखले लगाए कोरोनाविरुद्धको 'बुस्टर डोज'

**काठमाडौं/मस-**कोभिड-१९ विरुद्धको खोप अभियानअन्तर्गत हालसम्म १० लाखभन्दा बढीले खोपको अतिरिक्त मात्रा लगाएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार बिहीबारसम्म १० लाख २० हजार ५४१ जनाले कोरोनाविरुद्धको खोपको अतिरिक्त मात्रा लगाएका छन्।



मन्त्रालयका अनुसार हालसम्म एक करोड ८४ लाख ३८ हजार १५१ पहिलो मात्रा खोप लगाएका छन्। यस्तै एक करोड ७२ लाख ३५ हजार ९३८ ले पूर्णमात्रा खोप लगाएका छन्। हालसम्म चार करोड ७८ लाख ८२ हजार ८०० मात्रा खोप प्राप्त भएको मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घन्टामा कूल सात हजार ७४३ नमूना परीक्षण गर्दा ३१८ जनामा संक्रमण पुष्टि भएको छ। हालसम्म नेपालमा नौ लाख ५४ हजार ९०३ जनामा संक्रमण पुष्टि भएको छ। आज ५६२ जना कोरोनामुक्त भएका छन्। सक्रिय संक्रमितको संख्या नौ हजार ६७८ छ। सक्रिय संक्रमितमध्ये नौ हजार ४०६ होम आइसोलेसन, २७२ संस्थागत आइसोलेसन, ९३ आइसियू र १७ जना भेन्टिलेटरमा छन्।

बिहीबार कोरोना संक्रमणका कारण थप एक जनाको मृत्यु भएको छ। हालसम्म कोरोनाका कारण ११ हजार ९३१ जनाले ज्यान गुमाएका छन्। मन्त्रालयका अनुसार काठमाडौं, ललितपुर र कास्कीमा ५०० भन्दा बढी सक्रिय संक्रमित छन्। यस्तै मोरङ, झापा, सुनसरी, धनुषा, भक्तपुर, चितवन, काभ्रेपलाञ्चोक, बाँके, रुपन्देही र कैलालीमा २०० भन्दा बढी सक्रिय सङ्क्रमित छन्।

**साउदीमा रोजगार**

१. कम्पनी: **UNIQUE ENERGIES TRADING COMPANY** शहर: **SAUDI**

पूर्व स्वीकृत मितिः २०७८/११/१२ चलानी नं.: ६०१७५०६१ LT. No.: 258640

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३१,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: **HAMDA HUSSAIN MUHAMMED AL MAHRI TRADING EST** शहर: **SAUDI**

पूर्व स्वीकृत मितिः २०७८/११/१२ चलानी नं.: ६०१७५०६२ LT. No.: 258639

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Normal Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३१,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ फागुन २० गते (4 March 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**पिरामिड इन्टरनेशनल इम्प्लाइमेन्ट सर्भिस (प्रा.) लि.**
श्रम इजाजत नं. ०५४/०५१/०५२
महाराजगंज, चप्पल कारखाना, लोशाल, काठमाडौं नेपाल, फोन: ०१-४०१७१०७, ४०१७१४१, ४०१७०६३
फ्याक्स: ४०१७०८६, Email: pyramidinter1995@gmail.com / Web: www.pyramidmanpower.com

**Itahari Sub-Metropolitan City**
**Office of the Municipal Executive**
**Itahari, Sunsari**

**Invitation for Bids**

**First Date of Publication: 2078/11/13 (25th February 2022)**

1. Itahari Sub-Metropolitan City Office of the Municipal Executive, Itahari Sunsari invites NCB (1S2E) from eligible domestic bidders for the Contracts named below.

| S. N. | Contract Identification Number | Work/ Description | Average Annual Construction Turnover | Minimum Work experience of similar size and nature | Bid Price | Bid Validity Period | Bid Security Amount (Nrs.) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | ITR/NCB/49W/078/079 | Construction of Agro Market and Cold Storage, Itahari-9, Sunsari) | 322,925,000.00 | 172,225,000.00 | 10,000.00 | 120 days | 70,50,000.00 | Single Stage Double Envelop |
| 2 | ITR/NCB/50W/078/079 | Construction of Kachana-Budhiganga School, Itahari-4, Sunsari | 97,465,000.00 | 104,000,000.00 | 10,000.00 | | 42,50,000.00 | |

2. Bidder Shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bids shall not be entertained.
3. Matters not Covered in the notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Any amendments in this Tender notice will be posted in the notice board of Itahari Sub-Metropolitan City, Office of the Municipal Executive or may Visit PPMO e-GP System at **www.bolpatra.gov.np/egp.**

**HOSPITALITY TRAINING**

Hilton Academy Pvt.Ltd. A great place for career

गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला।

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा **ADMISSION OPEN** गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

### बढ्दो हस्तक्षेप

चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी) का नेताहरूले प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपालसँग सम्वाद गरेका छन् । सीपीसीले आफ्नो वेवसाइडमार्फत् ओली र नेपालसँग भिडियो सम्वाद गरेको जानकारी सार्वजनिक गरेको छ । ओलीलाई विदेश विभाग प्रमुख सङ ताओले भिडियो सम्वाद गरेका थिए भने पूर्वप्रधानमन्त्री रहेका अध्यक्ष नेपालसँग विदेश विभाग उपप्रमुख जेन झाओले सम्वाद गरेका थिए । यसअघि नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग पनि सीपीसीका नेताले भिडियो सम्वाद गरेका थिए । भिडियो सन्देशसँगै सीपीसीले नेपालको समस्यालाई लिएर सार्वजनिक बक्तव्य समेत सार्वजनिक गर्दै आएको छ ।

बुधबार विदेश मन्त्रालयमा आयोजित नियमित पत्रकार सम्मेलनमा प्रवक्ता हुवा चुनयिङले एमसीसीविरूद्ध दबाव दिने अमेरिकालाई चेतावनी दिएका थिए । त्यसअघि पनि विदेश मन्त्रालयले पत्रकार सम्मेलन गरेर एमसीसीबारे चीन बोलेको थियो । ६ फागुको पत्रकार सम्मेलनमा प्रवक्ता वाङ बेनविङले एमसीसीप्रति बलजफ्ती नगर्न चेतावनी दिएको थियो । एमसीसी मुलुकको प्रमुख समस्या बनिरहँदा चीनको यो सक्रियतालाई नेपाली राजनीतिमा दबावका रूपमा समेत लिन सकिन्छ । किनकि एमसीसी नेपालको मामला हो । चीन भन्दा अगाडि बढेर अमेरिकाले नेपालप्रति दबाव बढाएको छ । सीपीसीका नेताहरूले जस्तै अमेरिकी उच्च अधिकारीहरूले पनि एमसीसी अनुमोदन गराउन दबाव बढाउँदै आएको छ । गएको २७ माघमा अमेरिकी सहायक विदेश मन्त्री डोनाल्ड लूले प्रधानमन्त्री शेरबहादुर देउवा, विपक्षी दल एमालेका अध्यक्ष ओली र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डलाई टेलिफोन गरी एमसीसी अनुमोदन नभए चीनको दबावका रूपमा लिने चेतावनी दिएका थिए ।

लूले नेपाल भ्रमण गरेर पनि एमसीसी अनुमोदनको दबाव दिएका थिए । त्यसअघि एमसीसीका उपाध्यक्ष फातिमा सुमारले नेपालको चार दिने भ्रमण गरेका थिए । दोहोरो दबावमा परेको नेपालको राजनीति भने अन्योलतर्फ फस्दै गएको छ । बिहीबारको घटनाक्रमले पनि त्यही पुष्टि गर्छ । संसदमा पेश भएको एमसीसीबारे निर्णयमा पुग्न दलहरूलाई देखिएको सकसकै कारण संसद समेत बन्धक बन्न पुगेको छ । यसरी खुलेर विश्वका प्रमुख शक्ति राष्ट्रको दबाव आउने अवस्थाको सिर्जना भने मुलुकको आन्तरिक राजनीतिककै कारण भयो । आम नागरिकले बुझ्नेगरी मुलुकको आन्तरिक मामलामा हस्तेक्षप देखिएको छ । यस्तो बेला फेरि पनि दलहरूले विवेकपूर्ण निर्णय लिन जरूरी छ ।

# दाउपेचमा एमसीसी

## आ-आफ्नो राजनैतिक लाभको निम्ति गठबन्धनमा सामेल पार्टीहरूले एमसीसीलाई दाउपेचको साधन बनाइरहेको देखिन्छ ।

अग्रलेख




● खगेन्द्र छन्त्याल

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले कहिलेकाहीँ लचकताको नाममा अस्वभाविक अस्थिरता प्रदर्शन गर्ने तथा क्रमभंग र छलाङको नाममा अस्वाभाविक जम्प गर्ने गर्नुहुन्छ । उहाँको त्यसप्रकारको अस्थिरता र जम्पको कारण कहिलेकाहीँ आफ्नै पार्टी, संगठन देश र समाजमा अनपेक्षित घटना घट्ने गर्दछन् । महान् जनयुद्धका योजना र हजारौं शहिदका सपनामाथिको घात त्यही अस्थिरता र जम्पको परिणाम थियो । पछिल्लो कालखण्डमा प्रचण्डको विशेष पहलमा केपी शर्मा ओली पहिलो पटक प्रधानमन्त्री बने । प्रचण्ड आफु बने सरकार संचालनको उच्च स्तरीय संयन्त्रको संयोजक बने । ९ महिना पछि प्रचण्डलाई के झ्वाँक चल्यो कुन्नि सरकार सञ्चालन गर्ने उच्चस्तरीय संयन्त्रको संयोजक आफुनै हुँदा हुँदै प्रधानमन्त्री केपी शर्मा ओलीविरूद्ध संसदमा (केपीको शब्दमा छापामार शैलीमा) अविश्वासको प्रस्ताव ल्याए । उक्त प्रस्तावको प्रस्तावक आफै बने । ओली प्रधानमन्त्रीको कुर्सिबाट चिप्लिय । कांग्रेसको समर्थनमा प्रचण्ड आफै प्रधानमन्त्रीको कुर्सीमा टाँसिन पुगे । प्रचण्ड-कांग्रेस सम्बन्धले स्थानीय चुनावमा प्रचण्डलाई राम्रै लाभ भयो । प्रचण्ड यो प्रकारको लाभ प्रदेश र संघीय चुनावमा पनि प्राप्त गर्न चाहन्थे । तर, विडम्बना कांग्रेसले प्रदेश तथा संघको चुनावमा प्रचण्डको चाहनाबमोजिमको लाभ दिन चाहेन । फलत प्रचण्ड जीको कांग्रेसप्रतिको मोह भंग भयो । प्रदेश तथा संघीय चुनावसम्म आउँदा प्रचण्डजी कांग्रेस क्याम्पबाट ओली क्याम्पमा जम्प गरिभ्याउनु भयो । परिणामतः प्रदेश तथा संघीय चुनावमा बन्यो प्रचण्ड-केपी गठबन्धन । गठबन्धनको नाम दिइयो 'वाम गठबन्धन' ।

क्रान्तिकारीहरू र सच्चा वामपन्थी शक्तिहरू आत्मगतरूपमा कमजोर भएको लाभ कथित वाम गठबन्धनले राम्रैसँग लियो । वाम आन्दोलनप्रतिको ठुलो जनमतले चुनावमा उक्त गठबन्धनलाई साथ दियो । गठबन्धनले चुनावमा झण्डै दुई तिहाईको मत पनि प्राप्त गऱ्यो । चुनाव परिणाम आउँदा नआउँदै पाँच वर्ष प्रधानमन्त्रीको प्रस्ताव आएपश्चात प्रचण्डले फेरि अर्को क्रमभंग र छलाङ् झन्नै नगरेका होइनन् । तर आधा-आधा समयावधि आलोपालो प्रधानमन्त्रीको कुर्सिमा बस्ने केपीसँग भद्रसहमति पश्चात रोकियो उनको नयाँ क्रम भंग र छलाङ् । केपीसँगको उधारो सहमतिपश्चात हौशिएका प्रचण्डले बरू अर्को छलाङ् हाने त्यो थियो एमालेसँग पार्टी एकता ।

सिद्धान्त, विचार, दृष्टिकोणमा एकरूपताको कारण नभई केवल कुर्सि प्राप्तिका निम्ति एकता गर्नुपर्ने भएकोले प्रचण्ड-ओली दुवैलाई त्यो एकता आवश्यकता थियो । कहिँ कुनै कमिटीमा छलफल, बहस विना नै एकता भयो, डबल नेकपा बन्यो । केपी ढुक्कसँग दोस्रो पटक प्रधानमन्त्रीको कुर्सीमा चढे । प्रचण्ड ढुक्कसँग प्रधानमन्त्रीको कुर्सीको वेईटिङ् (प्रतिक्षा) मा बसे । जब केपीको पालो सकिदैं गयो प्रचण्डको पालो आउदैं गयो, तब डबल नेकपामा कचकच सुरूभयो । केपीको छोड्दै नछोड्ने र प्रचण्डको लिएरै छाड्ने मनस्थितिले डबल नेकपामा कचकच चुलियो । तसर्थ, यो कचकचको कारण केपीको कुर्सि मोह, दम्भ, घमण्ड र बेइमानी त थियो नै साथै प्रचण्डको कुर्सिप्रतिको अति लालचा पनि थियो । तत्कालिन एमालेमा केपीको पार्टी सत्तारोहणदेखि ओझेलमा परेका माधव-झलनाथ डबल नेकपा बन्नु अघिदेखि नै निरन्तर कचकच अभियान मै थिए । डबल नेकपा बनेपश्चात केपी-प्रचण्डको गठजोडले उनीहरू झनै ओझेलमा परे । प्रभावहीन नै सही उनीहरूको कचकच निरन्तर चलिरहेको थियो ।

ओलीसँग कुम जोडेर हिडेका प्रचण्डले माधव-झलनाथका कचकचको वेवास्ता गर्नु स्वभाविक थियो । उनले निरन्तर माधव-झलनाथका कचकचको वेवास्ता गर्दै हिंडे । जब प्रचण्ड आफैं कचकचमा उत्रनु पर्ने भयो बल्ल उनले माधव-झलनाथलाई सम्झनु पऱ्यो । ठिक यहिनेर प्रचण्डले एक अर्को क्रमभंग गर्नुपर्ने तथा छलाङ् हान्नु पर्ने स्थिति आयो । उनले जब डबल नेकपाभित्र केपी क्याम्प छोडेर माधव-झलनाथ क्यापमा जम्प गरे तब बन्यो प्रचण्ड-माधव र झलनाथको नयाँ समीकरण । तत्पश्चात डवल नेकपा विघटन र विभाजन भयो । औपचारिक रूपमा डबल नेकपा विघटन र विभाजनको कारण निर्वाचन आयोगको निर्णय र निर्देशन भएतापनि अनौपचारिक रूपमा उक्त पार्टी विघटन र विभाजन पहिल्यै भैसकेको थियो । प्रचण्ड-माधवले



> निश्चय नै एमसीसीले गठबन्धनमा सामेल पार्टीहरूभित्र हलचल पैदा गरेको छ । त्यही हलचलको कारण गठबन्धन धर्मरायको देखिन्छ । हामीले सधैँ स्वीकार गर्दै आएको कुरा के हो भने विभिन्न पार्टीहरूको नेतृत्व पंक्ति अवसरवादी, संशोधनवादी र प्रतिक्रियावादी नै भएतापनि उक्त पार्टी समूहहरूभित्र ठुलो संख्यामा क्रान्तिकारी, वामपन्थी तथा देशभक्तहरू छन् ।

जुनदिन केपीलाई पार्टी सदस्यबाट निष्कासन गरे त्यही दिन डवल नेकपा विघटित र विभाजित भएको थियो । डबल नेकपा : एमाले, माके र एस गरि तीन वटा पार्टीमा परिणत भयो ।

जसरी डबल नेकपा गठन हुँदा कुनै सैदान्तिक, वैचारिक आधारमा नभई केवल दुईजना व्यक्तिको कुर्सि स्वार्थ कै निम्ति गठन भयो ठिक त्यसरी नै त्यसको विघटन र विभाजन पनि कुनै सचेत सैद्धान्तिक, वैचारिक अन्तरसंघर्षको कारण नभई उनै दुई जना व्यक्तिको कुर्सि स्वार्थकै कारण पैदा भएको कचकचले भयो । डबल नेकपाको विघटनपश्चात बनेको एमाले सरकारमा रह्यो बाँकी दुई समूह सरकार बाहिर । अब ति दुई समूह अर्थात् माके र एसको मक्सद बन्यो हरहालतमा एमालेलाई सत्ताच्युत गर्नु । एमालेलाई सत्ताच्युत गर्नको निम्ति यिनीहरू जोसँग जे सम्झौता गर्न पनि तयार भए । ठिक यहिँनेर प्रचण्डले अर्को जम्प गरे त्यो थियो स्थानीय चुनाव पछि विछोड भएको कांग्रेससँग पुनर्मिलनको पहल ।

कांग्रेस निरन्तर सत्ता बाहिर पुगेपछि कोमामा सुतिरहेको थियो । तर, भवितव्यवश देउवाको तालु मै आलु फल्यो, कांग्रेसलाई चिट्ठा पऱ्यो । कांग्रेसको अप्रत्यासित सत्ता प्राप्तिको अवसर, माके र एसको हरहालतमा एमालेलाई सत्ताच्युत गर्ने दाउ र जसपा, राजमोको सत्तारोहणको मौका सदुपयोग आदिको कारण बन्यो पाँच दलीय गठबन्धन । अन्ततः एमालेलाई कुर्सी च्युत गर्ने र उक्त कुर्सी स्वयंले प्राप्त गर्ने गठबन्धनको लक्ष भएता पनि ओलीको संसद विघटनको मुद्धालाई उसले राम्रै मसला बनायो । गठबन्धनका नेताहरूले गठबन्धन आगामी स्थानीय, प्रदेश र संघीय चुनाव हुँदै त्यसपछिको सरकार निर्माणदेखि संचालनसम्म जाने घोषणा गरेता पनि राजनैतिक मैदानमा विभिन्न प्रश्नहरू उठेका देखिन्छन् ।

आज गठबन्धनभित्र एमसीसी सम्बन्धी एकमत छैन । गठबन्धनमा सामेल राजमो बाहेकका सबै पार्टीको नेतृत्वको मत एमसीसीको पक्षमा छ यो देखिएकै कुरा हो । राजमो सिंगो पार्टी एमसीसीको विपक्षमा छ । तर, गठबन्धनमा सामेल अन्य सबै पार्टीहरू एमसीसीको सवालमा आन्तरिक विवादमा छन । नेतृत्व एमसीसीको पक्षमा छ अरू विपक्षमा । माके र एस नेतृत्व सामान्य फेस सेभिङ्ग गरेर एमसीसी पारित गर्न चाहन्छ । तर, ति पार्टीभित्रका देशभक्तहरू एमसीसी खारेजीको निम्ति संघर्ष गरिरहेका छन् ।

निश्चय नै एमसीसीले गठबन्धनमा सामेल पार्टीहरू भित्र हलचल पैदा गरेको छ । त्यही हलचलको कारण गठबन्धन धर्मरायको देखिन्छ । हामीले सधैँ स्वीकार गर्दै आएको कुरा के हो भने विभिन्न पार्टी समुहहरूको नेतृत्व पंक्ति अवसरवादी, संशोधनवादी र प्रतिक्रियावादी नै भएतापनि उक्त पार्टी समुहहरूभित्र ठुलो संख्यामा क्रान्तिकारी, वामपन्थी तथा देशभक्तहरू छन् उनीहरूसँग निरन्तर छलफल र सहकार्य गर्नुपर्दछ । हो, गठबन्धन भित्र एमसीसी सम्बन्धी विबादको कारक तिनै क्रान्तिकारी,वामपन्थी तथा देशभक्तहरू हुन् । उनीहरूले आ-आफ्ना पार्टी, समुह भित्र गरेको संघर्षको परिणाम नै गठबन्धनभित्रको विवादको एउटा कारण बनिरहेको छ ।

आ-आफ्नो राजनैतिक लाभको निम्ति गठबन्धनमा सामेल पार्टीहरूले एमसीसीलाई दाउपेचको साधन बनाइरहेको देखिन्छ । यद्दपि देउवा भित्रीरूपमा कुर्सि स्वार्थका निम्ति तीन वटै तहको चुनाव र त्यसपछि बन्ने सरकारसम्म नै गठबन्धनको निरन्तरता चाहन्छन । तर, लगभग सवै कांग्रसीजन गठबन्धन गरेर चुनावमा जाने पक्षमा छैनन् । प्रदेश र संघको गत चुनावमा कांग्रेस हारको मुख्य कारण बनेको बाम गठबन्धन फुटेर ३ टुक्रा बनेको अवस्थामा कांग्रेस एकल ढंगले चुनावमा जानुपर्दछ भन्ने कंग्रेसीजनहरूको तर्कमा काफी दम छ । त्यसकारण देउवाको चाहना हुँदा हुँदै पनि बहुमत कंग्रेसीजनहरू गठबन्धनलाई चुनाव सम्म लैजाने मुडमा छैनन । उता गठबन्धनमा सामेल सब पार्टीहरूको फुट र विभाजनको कारण सांगठनिक स्थिति डामाडोल छ । यही कारणले गर्दा गठबन्धनलाई तिन वटै तहको चुनावसम्म नै लिएर जाँदा केही न केही चुनावी परिणाम आफ्ना निम्ति सकारात्मक हुने आशा उनीहरूको छ । यो अवस्थामा गठबन्धनभित्र कांग्रेस एकातिर अरू चार पार्टी अर्कोतिर भएर एमसीसीलाई दाउपेचको भकुण्डो बनाइरहेका छन् ।

आफ्नो संसदीय राजनैतिक अभिस्ट पुरा हुने वित्तिकै उनीहरूले एमसीसी जस्ताको तस्तै पारित गर्न तयार हुनेछन । यो परिस्थितिमा आम जनता तथा गठबन्धनमा रहेको पार्टी भित्रका देशभक्त नेता कार्यकर्ताहरूको भूमिका देश र जनताको निम्ति झन् बढी महत्वपूर्ण हुनेछ । वास्तवमा प्रश्न गठबन्धन वा एमसीसी ? भन्ने होइन प्रश्न देश र जनता वा गठबन्धन र एमसीसी ? भन्ने हो । किनकी गठबन्धनका नेताहरू गठबन्धन वा एमसीसी मध्ये एक होइन गठबन्धन र एमसीसी दुवै चाहन्छन् । तर, आम जनता तथा गठबन्धनमा रहेका पार्टीहरूभित्रका देशभक्त नेता, कार्यकर्ताहरू गठबन्धन र एमसीसीको पक्षमा होइन त्यसको विरूद्ध देश र जनताको पक्षमा एकढिक्का हुनु आजको आवश्यकता हो ।

## सामाजिक सञ्जाल



**- सूर्यराज आचार्य**

संसदबाट एमसिसी पास/फेल हुने कुरा एमालेको हातमा । साथै यो मुद्दाले राष्ट्रिय हितप्रति एमाले कति प्रतिवद्ध छ भनेर परीक्षा पनि लिँदैछ । एमालेले एमसीसीलाई सत्ताको जोडघटाउका लागि मात्र 'उपयोग' गर्ने नीति अख्तियार गर्न पुग्यो भने मुलुक र एमाले स्वयंका लागि घातक हुनेछ ।



**- विश्वप्रकाश शर्मा**

सडकमा एमसीसीको विरोध गरिरहेको युवाको कुनै दोष छैन । दोषी त ति द्वैध चरित्र भएका नेताहरूको हो, जो बालुवाटारमा एउटा कुरा गर्छन्, बानेश्वरमा अर्को ! अब टुंगो गरौं, क्षणिक लोकप्रियता रोज्ने कि दीर्घकालीन लोक हित ? आवेग र उग्रताले रास्ट्रहरू समृद्ध बनेका छन् कि जिम्मेवार रास्ट्रवादले ?



**- विश्वदीप लामिछाने**

सभामुखलाई बर्खास्त गर्न कांग्रेस सहमत हुनुपर्छ र एमालेले एमसीसी संसदबाट पारित गराउन मद्दत गर्नुपर्छ, त्यसपछिको राजनीति विकासक्रम त्यसपछि नै सोचे हुन्छ, अहिलेको परिस्थितिमा माओवादीको राजनीतिक अवसान जरूरी छ ।



**- किशोर नेपाल**

माओवादीका 'सुप्रिम' नेता प्रचण्डजीको स्वभाव प्रचण्ड छैन, शान्त छ । उहाँ देश निर्माणका लागि व्यग्र हुनुहुन्छ । तर उहाँलाई पोखरा विमानस्थलका लागि चिनियाँ ऋण र अमेरिकाले दिन लागेको सहयोग भिन्न भएको बुझ्नै चाहनु भएको छैन । चीन माओवाद रहेन । यो एकदलीय पुँजीवादी राज्य हो ।



**- जैनेन्द्र जीवन**

एमसीसीको बिरोधमा अति सक्रिय 'विज्ञ/बुद्धिजीवी'हरूले नेपालको संसदमा विचाराधीन र नेपाल-अमेरिकाबीचको द्विपक्षीय यस मामलामा चीनले बारम्बार गरिरहेको हस्तक्षेपयुक्त टिप्पणी र दबाबको बिरोधमा त क्यै बोलेको देखिएन । चीनको हस्तक्षेप स्वीकार्य भएर होकि भित्र अरू नै क्यै कुरा छन, जनता जान्न चाहन्थे ।

# अपराध र दण्डहीनता बढ्दै

## सरकारमा रहेकाहरूले राजनीतिक स्वार्थ पूरा गर्न अपराधीलाई संरक्षण दिएर राखेका धेरै उदाहरण सार्वजनिक भएका छन् । नेपाली कांग्रेस, एमाले र माओवादीको आडमा पेशेवर अपराधीहरू निर्भीक रूपमा अपराधमा संलग्न रहेका छन् । छिटफुट अपराध गर्नेहरू पनि सोहीअनुसारको संरक्षणमा जान्छन् ।

टिप्पणी



● उपेन्द्र झा

विविधतायुक्त रहेको नेपाली समाज सहिष्णुता गुणले ओतप्रोत थियो । सामाजिक विकास र परिवर्तनको नाममा अनेक दुष्प्रवृतिहरु प्रवेश गरि सामाजिक संरचनाको मौलिक गुणहरुलाई नै परिवर्तन गरि दिएको छ । यसमा राजनीतिकर्मीहरुको बढी भूमिका देखिएको छ । भ्रातृत्व, सदाचार, सहिष्णु, एक अर्काप्रति उत्तरदायी, परोपकारी गुणले भरेको नेपाली समाज अहिले गाउँ त के टोल टोल विखण्डनमा परेको छ । उँचनीच, जातजातमा विभाजन, धर्ममा विभाजन, साम्प्रदायिक विभेदका जहरहरु फैलिएर समाजलाई पूर्णतया विखण्डित बनाई दिएको छ । पारस्परिक सहयोगको के कुरा एक अर्कासँग कुरा गर्न मानिस रुचाउँदैन ।

